# प्रथम वार्षिक साधारण सभा

# 1st Annual General Meeting

## २०७८/०७९

स्वदेशी बहुउद्धेश्यीय
सहकारी संस्था लिमिटेड
काठमाडौं

**SWADESHI**
Multipurpose Co-operative Ltd.
स्वदेशी बहुउद्धेश्यीय सहकारी संस्था लि.

*For more information, contact us at :*
KMC-1, Naxal, Kathmandu
01-5911382/83/84
swadcoop@gmail.com

Regd. No.: 0332/078/79

# स्वदेशी बहुउद्धेश्यीय सहकारी संस्था लि.

Swadeshi Multipurpose Co-operative Ltd.

का.म.पा.-०१, नक्साल, काठमाडौं, फोन: ०१-५९११३८२/८३/८४

च.नं. ३७/०७९/०८०

मिति: २०७९/०५/०५

श्री .....................................................ज्यू,

शेयरसदस्य

## वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस संस्थाको २०७९/०५/०५ गते आइतबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार संस्थाको **प्रथम वार्षिक साधारण सभा** सम्पन्न गर्न देहायका मिति, समय र स्थानमा हुन गईरहेको हुँदा सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितिको लागि सादर अनुरोध गर्दछौं ।

### ❖ सभा बस्ने मिति, समय र स्थान

मिति: २०७९ भदौ ३१ गते, शुक्रबार

समय: बिहान ११ बजेदेखि २ बजेसम्म

स्थान: लिसारा रिशेप्सनस्, का.म.न.पा.-१, नक्साल

### ❖ छलफलका विषयहरु:

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत र पारित गर्ने सम्बन्धमा ।

२. आ.व. २०७८/०७९ को लेखापरीक्षण प्रतिवेदन प्रस्तुत तथा पारित गर्ने सम्बन्धमा ।

३. आ.व. २०७९/०८० को वार्षिक नीति तथा कार्यक्रम एवं अनुमानित बजेट अनुमोदन सम्वन्धमा ।

४. आ.व. २०७८/०७९ मा सञ्चालक समितिले गरेका निर्णयहरु अनुमोदन सम्बन्धमा ।

५. आ.व. २०७९/०८० को लेखा परीक्षकको नियुक्ति तथा नीजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

६. विनियम संशोधन सम्बन्धमा ।

७. संस्थाको कर्मचारी प्रशासन नियामावली २०७९, बचत नीति २०७९, ऋण लगानी तथा असुली नीति २०७९, आर्थिक प्रशासनिक नीति २०७९, सञ्चालन नीति २०७९, सम्पत्ति शुद्धिकरण कार्यविधि २०७९ स्वीकृत तथा अनुमोदन गर्ने सम्बन्धमा ।

८. संस्थामा थप कार्याविधि तथा नीति नियमहरु बनाउन आवश्यक देखिएमा सो को अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने सम्बन्धमा ।

९. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्न प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।

१०. विविध ।

संचालक समितिको आज्ञाले

सचिव

## स्वदेशी बहुउद्देश्यीय सहकारी संस्था लि.को प्रथम वार्षिक साधारणसभामा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री महेश कुमार अग्रवाल ज्यूद्वारा प्रस्तुत प्रतिवेदन २०७८/७९

यस संस्थाको गरिमामय प्रथम वार्षिक साधारण सभालाई सफल बनाउन पाल्नुभएका आदरणीय प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यू, अतिथिज्यूहरू, सरोकारवाला विभिन्न संघसंस्थाबाट साधारण सभाको गरिमा बढाउन पाल्नुभएका अतिथिगणहरु, सञ्चालकज्यूहरु, सल्लाकारज्यूहरु, लेखासुपरिवेक्षण समितिका संयोजकज्यू, विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरु, शुभचिन्तकज्यूहरु, संस्थाका व्यवस्थापक तथा कर्मचारीहरु र पत्रकार साथीहरु यो गर्मी महिनामा स्वदेशी बहुउद्देश्यीय सहकारी संस्थाको तर्फबाट सबैमा न्यानो सहकारी अभिवादन सहित हार्दिक स्वागत गर्न चाहन्छु ।

**आदरणीय शेयर सदस्यज्यूहरू,**

वि.सं. २०७८ साल फागुन ११ गते बाग्मती प्रदेश सहकारीमा विधिवत रुपमा दर्ता भई सहकारी सिद्धान्त, मूल्य र मान्यताहरू अवलम्बन गरी सदस्यहरूबीच सहकारिताको भावनालाई बढाव दिएर सदस्य तथा समाजको आर्थिक, सामाजिक, सांस्कृतिक एवं शैक्षिक उन्नतिका लागि आवश्यक श्रोतको व्यवस्था गरी देशको अर्थतन्त्रमा सहकारी संस्थाको माध्यमबाट स्वरोजगार, उद्यमशीलता विकास, उद्योग, कलकारखानाको स्थापना, स्थानीय उत्पादनको बजारीकरण साथै दक्ष श्रम शक्ति उत्पादन गरी छरिएर रहेको बचतलाई एकीकृत गरी पूँजी आवश्यक भएका विभिन्न उत्पादनमूलक क्षेत्र, संस्था, सदस्यहरूलाई पूँजीको व्यवस्था गरी स्वरोजगार सहित स्वदेशी उत्पादनलाई प्राथमिकता दिई स्वदेशी ब्राण्डलाई स्थापित गर्ने योजना सहित हामी विभिन्न पेशा व्यवसाय गर्ने व्यवसायी, प्रबुद्ध समूह, प्रतिष्ठित केही व्यक्तित्वहरुको सक्रियतामा स्थापित यस संस्था स्थापनाको करिब ५ महिना र आ.व.२०७८/७९ वित्तीय कारोबार सञ्चालनको करिव ३ महिनाको वित्तीय विवरण सहित यस गरिमामय प्रथम वार्षिक साधारण सभामा उपस्थित भईरहँदा यस संस्थाको एक सदस्य तथा यहाँहरुले विश्वास गरी निर्वाचित गर्नु भएको अध्यक्षको हैसियतले संस्थाको प्रथम वार्षिक साधारण सभामा उपस्थित हुन पाउँदा गौरवान्वि भएको छु । संस्थाको विस्तृत वित्तिय विवरण लेखापरिक्षकको प्रतिवेदन मार्फत जनकारी लिन सक्नुहुनेछ वित्तिय विवरणको केही अंश बुदाँगत रुपमा प्रस्तुत गर्न चाहान्छु ।

**१. शेयर पूँजी :**

संस्थाको कुल शेयर पूँजी आ.व. २०७८/७९ कों असार मसान्तसम्ममा रू. ७,५०,७०,८००।- (अक्षरूपी सात करोड पचास लाख सत्तरी हजार आठ सय रूपैयाँ मात्र) रहेको छ ।

**२. बचत (निक्षेप) संकलन**संस्थाको बचत आ.व. २०७८/७९ को असार मसान्तमा जम्मा रू. ३०,७७,८६,१७७.४६ (अक्षरूपी तीस करोड सत्तहत्तर लाख छेयासी हजार एक सय सत्तहत्तर रूपैयाँ छेयालीस पैसा मात्र) रहको छ ।

**३. कर्जा तथा सापटी :**

संस्थाको आ.व. २०७८/७९ को असार मसान्तसम्म कूल कर्जा तथा सापटी करिब रू. ५,८०,८८,२५०।- (अक्षरूपी पाँच करोड असी लाख अठासी हजार दुई सय पचास रुपैयाँ मात्र) रहेको छ ।

**४.कर्मचारी व्यवस्थापन :**

संस्थाको मेरुदण्डका रुपमा रहेको कर्मचारी संयन्त्रलाई प्रभावकारी रुपमा सञ्चालन गर्न र समय सापेक्ष प्रविधिमैत्री दक्ष बनाउन आवश्यक रणनीति तथा अभ्यासहरू अबलम्बन गरिएको छ । हाल संस्थामा जम्मा १४ जना कर्मचारीहरु कार्यरत रहनुभएको छ ।

सहकारी सिद्धान्तलाई आत्मसाथ गर्दै सहकारी दर्शन, सिद्धान्त, मूल्य मान्यताको पालना गर्ने गरी हामीबीच विभिन्न पेशा व्यवसायमा रहेको पूँजीलाई यस सहकारी मार्फत् एकीकृत गरी सहकारी क्षेत्रमा आफ्नो छुट्टै पहिचान भएको संस्थाको रूपमा अगाडि बढाउने दृढ ईच्छा शक्ति सहित वित्तीय तथा व्यवसायिक क्षेत्रमा सफल समूहको रूपमा छुट्टै पहिचान बनाउन सफल व्यवसायिक रूपमा दक्ष तथा प्रबुद्ध समूह मिलि देशको अर्थतन्त्रको एक खम्बा सहकारी क्षेत्रमा प्रवेश गरी छोटो समयमा आकर्षक वित्तीय विवरण सहित यस सभामा प्रस्तुत गर्न पाउँदा यसको जस, श्रेय यस संस्थासँग जोडिनुभएका सम्पूर्ण सदस्य, सञ्चालक समिति, उपसमिति, शुभचिन्तक तथा कर्मचारी वर्गमा जान्छ । यहाँहरुको सकारात्मक साथ, सहयोग र चिन्तनका कारण यस संस्थालाई आगामी दिनमा सहकारी क्षेत्रको एउटा विश्वासिलो संस्था बनाई अगाडि बढ्न हामीलाई सकारात्मक उर्जा, उत्साह थपिएको महशुस गरेका छौं ।

**अन्त्यमा,**

यस सभामा निर्णयार्थ पेश गरिएका विभिन्न प्रतिवेदन तथा प्रस्तावहरूमा गहन छलफल र विचार विमर्श गरी रचनात्मक सुझाव र सल्लाह सहित पारित गरिदिनु हुन विन्रम अनुरोध गर्दछु ।संस्था स्थापनासँगै आजको दिनसम्म आईपुग्दा हामीलाई निस्वार्थ रुपमा धेरै व्यक्तित्व तथा सदस्यहरुले सहयोग गर्नु भएको छ । संस्था स्थापनादेखि आजको दिनसम्म आईपुग्दा हामीलाई विभिन्न क्षेत्रबाट सहयोग गर्नु हुने सबै प्रति आभार प्रकट गर्दै संस्था दर्ता तथा सञ्चालनका लागि अहम भूमिका निर्वाह गरिदिनु हुने श्री अशोक कुमार अग्रवाल ज्यू, श्री हरि बासिष्ठ ज्यू, संस्थाको विनियम, नीति नियम बनाई दिन सहयोग गर्नु हुने सि.ए. विशेष चौधरी ज्यू, श्री गणेशमान श्रेष्ठ ज्यू लगायत यस अवधिमा संस्था सञ्चालनका क्रममा आ-आफ्ना तर्फबाट सुझाव, सल्लाह र सहयोग गर्नुहुने आदरणीय शेयर सदस्यहरू, सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति अन्य उपसमितिका साथीहरू,संस्थाका कर्मचारी मित्रहरू, लेखापरीक्षक, स्थानीय निकाय, सहकारी विभाग, प्रदेश सहकारी विभाग, सहकारी बैंक, बैंक तथा वित्तीय संस्था, प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्ने विभिन्न निकायहरू,शुभचिन्तक सम्पूर्ण महानुभावहरूलाई हार्दिक धन्यवाद सहित बिदा हुन चाहन्छु।

धन्यवाद ! जय सहकारी !!!

जय स्वेदेशी !!!

...........................

**महेश कुमार अग्रवाल**

**अध्यक्ष**

## स्वदेशी बहुउद्देश्यीय सहकारी संस्था लि.को प्रथम वार्षिक साधारण सभामा संस्थाका कोषाध्यक्ष श्री हेमन्त नाहटाद्वारा प्रस्तुत प्रतिवेदन २०७८/०७९

यस स्वदेशी बहुउद्देश्यीय सहकारी संस्था लि. को प्रथम वार्षिक साधारण सभाको सभापतित्व गरिरहनुभएका यस स्वदेशी सहकारी संस्था लि.का अध्यक्ष ज्यू, प्रमुख अतिथि ज्यू, विशिष्ट अतिथि ज्यू, अतिथि गण, सञ्चालक समिति, लेखा समिति तथा अन्य उपसमितिका सदस्यज्यूहरु, शुभचिन्तक, पत्रकार मित्रहरु शेयर सदस्यज्यूहरु, कर्मचारी मित्रहरु साथै यस कार्यक्रममा उपस्थित हुनभएका सम्पूर्णमा संस्था एवं मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन व्यक्त गर्दछु ।

आदरणीय शेयरधनी महानुभावहरू,
सहकारीको मूल्य मान्यतालाई आत्मसाथ गर्दै सहकारी क्षेत्रमा केही नयाँ सोचका साथ सहकारी भावनाले ओतप्रोत भई हामी विभिन्न व्यवसाय लगायत अन्य विविध क्षेत्रमा रहको प्रबुद्ध, व्यक्तित्वहरुको सहकार्यमा देशको अर्थतन्त्रको एक मेरुदण्ड सहकारी क्षेत्रमा प्रवेश गरेका छौं । कोभिड-१९ को प्रभावसँगै मुलुकको वित्तीय क्षेत्रमा देखिएको तरलता अभावका कारण सम्रग आर्थिक गतिविधिलाई प्रभाव पारिरहेको यो परिस्थितिमा हामीले यस संस्था दर्ता गरी सञ्चालन ल्याएका छौं र अझै पनि देश लगायत विश्वका धेरै राष्ट्रहरुमा तरलता लगायत आर्थिक मन्दी क्रमशः देखा परिरहेका छन् । जसले गर्दा विश्व बजारमा अहिले आर्थिक मन्दी लगायत विविध समस्याको चपेटामा परिरहेका कारण हामी जस्तो आयात र रेमिटेन्समा निर्भर रहेको अर्थतन्त्रमा त्यसको प्रभाव प्रत्यक्ष रुपमा परिरहेको छ । सरकारद्वारा विभिन्न वस्तुहरुको आयातमा प्रतिबन्द, राष्ट्र बैंकले सार्वजनिक गरेको कसिलो मौद्रिक नीति, बैंक तथा वित्तीय संस्थामा करिव एक वर्षदेखि कायम रहेका तरलता समस्या, पूँजी बजारको निरन्तर गिरावटले देशको अर्थतन्त्रमा प्रतिकुलता सिर्जना गरिरहेको छ । देश लगायत विश्व बजारमा देखिएका विविध समस्या तथा तरलता अभावबाट संस्थालाई अछुतो राखी वित्तीय सुरक्षाको प्रत्याभूति गराई देखिएको तरलता अभावबाट पूर्ण चनाखो भई कार्य गर्नु पर्ने देखिन्छ । सहकारी क्षेत्र प्रति सदस्यहरूको दृष्टिकोण, सहकारी तथा अन्य वित्तीय क्षेत्रबीचको प्रतिस्प्रर्धा जस्ता कारणले आगामी दिनमा केही चुनौतीहरू आउन सक्नेछन् तथापि संस्थाको विकास र प्रगतिको लागि हामी सबै मिलेर चुनौतीहरूको सामाना गरी त्यसलाई अवसरको रूपमा लिई सकारात्मक तवरले अगाडि बढ्ने छौं ।

शेयरधनी महानुभावहरू आ.व ०७८/७९ मा हामीले संस्था सञ्चालन गर्दा करिब ३ महिना मात्र बाँकी रहेको हुनाले आज यस संस्थाको प्रथम वार्षिक साधारण सभामा आ.व ०७८/०७९ भनिएता पनि यहाँ संस्थाले कारोबार गरेको करिब तीन महिनाको मात्र वित्तीय विवरण प्रस्तुत गरेका छौं । Morning shows the day भने जस्तै हाम्रो तीन महिनाको वित्तीय विवरणले हामी सहकारी क्षेत्रको अग्रणीय संस्था बन्ने लक्ष्यका साथ अगाडि बढिरहेका छौं । सहकारीको मूल्य मान्यता अंगिकार गर्दै आम सदस्यहरुको मनोभावनानुसार अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

करिब तीन महिना कार्य अवधिको वित्तीय विवरण हेर्दा समग्र सदस्य, सञ्चालक समिति, अन्य समिति, उपसमिति तथा शुभचिन्तकहरुको अथक माया, विश्वासले वित्तीय बजारमा देखिएको तरलता संकटमा समेत हामीले तरलताको समस्यां सामना गर्नु परेको छैन । तथापी अहिलेको प्रमुख आवश्यकता भनेको सुरक्षित लगानीको प्रत्याभूतिपछि मात्र कर्जा लगानी गर्नु हो जसले गर्दा कर्जा प्रवाहमा केही कमी हुन सक्छ । आ.व. २०७९/०८० लाई समेत विशेष ध्यान पुऱ्याई कर्जा प्रवाह गर्नुपर्ने परिस्थिति रहेका कारण सुरक्षित तवरबाट कर्जा प्रवाह गर्नका लागि संस्थाको व्यवस्थापन पक्ष, सञ्चालक समिति तथा सदस्यहरुको सहकार्यमा कर्जा प्रवाहलाई क्रमशः बढाईंदै लगिनेछ । संस्थाले सम्भव भएसम्म संस्थाको बहुउद्देश्य अनुसार उत्पादनमूलक तथा कृषि क्षेत्रमा लगानी गरी सहकारीलाई उत्पादन, बजारीकरण, रोजगारी र आम्दानी जोड्ने गरी अगाडि बढाइने छ । आ.व. ०७८/७९ को संस्थाको वित्तीय विवरणको विस्तृत जानकारी लेखापरिक्षकको वित्तीय प्रतिवेदनबाट जानकारी लिन सक्नुहुनेछ भने वित्तीय विवरणको सारांश यहाँहरु माझ प्रस्तुत गर्न चाहन्छु ।

**१. शेयर पूँजी :**

| क्र. सं. | विवरण | आ.व ०७८/७९ असार मसान्त सम्मको विवरण |
|---|---|---|
| १ | साधारण शेयर पूँजी | ७,५०,७०,८००.०० |

**२. बचत (निक्षेप ) संकलन**

| क्र. सं. | विवरण | आ.व ०७८/७९ असार मसान्तसम्मको विवरण |
|---|---|---|
| १ | बचत | ३०,७७,८६,१७७.४६ |

**३. कर्जा तथा सापटी :**

| क्र. सं. | विवरण | आ.व ०७८/७९ असार मसान्त सम्मको विवरण |
|---|---|---|
| १ | कर्जा | ५,८०,८८,२५०.०० |

**४. कुल आम्दानी :**

| क्र.सं. | विवरण | आ.व ०७८/७९ असार मसान्त सम्मको विवरण |
|---|---|---|
| १ | कुल आम्दानी | ८६,३८,७१७.७१ |

५.खर्च :

| क्र.सं. | विवरण | आ.व. ०७८/७९ असार मसान्त सम्मको विवरण |
|---|---|---|
| १ | कर्मचारी | १०,५८,८१९.२८ |
| २ | सञ्चालन | १९,३४,३१७.७४ |
| ३ | ह्रास कट्टी खर्च | ४,३५,७८३.३९ |
| जम्मा | | ३४,२८,९२०.४१ |

६.लगानी

| क्र.सं. | विवरण | आ.व ०७८/७९ असार मसान्त सम्मको विवरण |
|---|---|---|
| १ | राष्ट्रिय सहकारी बैंक शेयर | १,००,००,०००।०० |
| २ | मुद्दती लगानी | २१,००,००,०००।०० |
| | जम्मा | २२,००,००,०००।०० |

७. सम्पत्ति

| क्र.सं. | विवरण | आ.व ०७८/७९ असार मसान्त सम्मको विवरण |
|---|---|---|
| १ | स्थिर सम्पत्ति | ८१,१०,०७८.०० |
| २ | अदृश्य सम्पति | १,९०,९६६.३२ |
| | जम्मा | ८३,०१,०४४.३२ |

८. बैक मौज्दात

| क्र.सं. | विवरण | आ.व ०७८/७९ असार मसान्त सम्मको विवरण |
|---|---|---|
| १ | बैंक तथा वित्तिय संस्था | ९,३९,९४,९८२.३० |

९. नगद मौज्दात

| क्र.सं. | विवरण | आ.व ०७८/७९ असार मसान्त सम्मको विवरण |
|---|---|---|
| १ | नगद | २,७४,४२१.०० |

१०. तरलता

| क्र.सं. | विवरण | आ.व ०७८/०७९ असार मसान्त सम्मको विवरण |
|---|---|---|
| १ | नगद, बैंक वित्तिय संस्था तथा मुद्दति लगानी | ३०,४२,६९,४०३.३० |

**शेयर सदस्य महानुभावहरू संस्थाको चालू आ.व. २०७९/८० का लागि निम्नानुसारको बजेट प्रस्ताव गरेका छौं । चालू आ.व.मा निम्नानुसार शेयर पूँजी थप हुने लक्ष्य लिएका छौं:**

**शेयर पूँजी**

| क्र. सं. | विवरण | आ.व ०७८/७९ असार मसान्तको अवस्था | चालु आ.व. ०७९/०८० को लक्ष्य |
|---|---|---|---|
| १) | साधारण शेयर पूँजी | रू.७,५०,७०,८००.०० | रू.८,००,००,०००.०० |

चालू आ.व.मा संस्थाले बचतलाई विशेष प्राथमिकतामा राखेर आफ्ना गतिविधि सञ्चालन गर्नेछ । चालू आ.व.मा सदस्यहरूलाई नियमित बचत गर्न आग्रह गरिनेछ, मासिक बचतलाई नियमित गरिनेछ, आवधिक तथा अन्य बचतमा बृद्धि गर्न सदस्यहरूलाई प्रोत्साहन गरिनेछ । यस क्रममा आवश्यकता अनुसार ब्याज दरमा परिवर्तन गरिनेछ ।

बचत तर्फ चालू आ.व.को लक्ष्य निम्नानुसार प्रस्ताव गरेका छौं । नयाँ कार्यक्रमहरू सञ्चालन गर्दा शेयरधनीहरूको हितलाई अधिकतम ध्यान दिईनेछ ।

बचत

| क्र. सं. | बचत | आ.व ०७८/७९ असार मसान्तको अवस्था | चालु आ.व. ०७९/०८० को लक्ष्य |
|---|---|---|---|
| १ | बचत | रू.३०,७७,८६,१७७.४६ | रू.१,०३,००,००,०००.०० |

**माथि उल्लेखित शेयर थप र बचत बृद्धिको लक्ष्यलाई आधार बनाएर कर्जा लगानीमा बृद्धि गरिनेछ । चालू आ.व. मा कर्जा लगानीलाई निम्नानुसार बृद्धि गर्ने लक्ष्य लिएका छौ :**

कर्जा

| क्र. सं. | विवरण | आ.व ०७८/७९ असार मसान्तको अवस्था | चालु आ.व. ०७९/०८० को लक्ष्य |
|---|---|---|---|
| १ | कर्जा | रू.५,८०,८८,२५०.०० | रू.८०,००,००,०००.०० |

चालू आ.व.मा हुने खर्चको अनुमानित विवरण निम्न लिखित प्रस्ताव गरेका छौं ।

देशको अर्थतन्त्रको अवस्था अनुसार हुने बढ्दो महङ्गी, तरलता समस्या, कर्मचारीहरूको समयअनुसार तलब, कमिशन तथा प्रोत्साहनका कारणले हुने खर्चमा वृद्धि र अन्य प्रशासनिक खर्च लगायतका कार्यले गर्दा संस्थाको सञ्चालन खर्चमा केही वृद्धि हुने अनुमान गरेको छौं ।

**खर्च**

| क्र.सं. | विवरण | आ.व ०७८/७९ असार मसान्तको अवस्था | चालु आ.व. ०७९/०८० को लक्ष्य |
|---|---|---|---|
| १ | ब्याज खर्च | ६३,९०,३९७.३० | ७,२०,००,०००.०० |
| २ | सञ्चालन खर्च | १९,३४,३१७.७४ | ६६,३०,२००.०० |
| ३ | कर्मचारी खर्च | १०,५८,८१९.२८ | ६५,२३,०००.०० |
| ४ | ह्रास कट्टी खर्च | ४,३५,७८३.३९ | २१,४१,०००.०० |
| | **जम्मा** | **९८,१९,३१७.७१** | **८,७२,९४,२००.००** |

संस्थालाई थप मजबुत बनाउन कारोबारमा वृद्धि गरी आम्दानीका विभिन्न श्रोतको पहिचान, खर्चमा मीतव्ययी तथा अन्य विविध आम्दानीका क्षेत्रहरू पहिल्याइनेछ । बचतमा बृद्धि गरी त्यसलाई प्रभावकारी लगानीका माध्यमबाट आम्दानीमा बृद्धि हुने अनुमान गरिएको छ । चालू आ.व.मा निम्नानुसारको आम्दानी हुने लक्ष्य लिएका छौ :

**आम्दानी**

| क्र.सं. | विवरण | आ.व ०७८/७९ असार मसान्तको अवस्था | चालु आ.व. ०७९/०८० को लक्ष्य |
|---|---|---|---|
| १ | ब्याज आम्दानी बैंक | ६२,६८,२१८.९५ | १,८९,००,०००.०० |
| २ | ब्याज आम्दानी कर्जा | १४,७७,६९१.७६ | ८,४०,००,०००.०० |
| ३ | अन्य आम्दानी | ८,९२,८०७.०० | १,१७,५०,०००.०० |
| | **जम्मा आम्दानी:** | **८६,३८,७१७.७१** | **११,४६,५०,०००.००** |

**आ.व. २०७९/८० को लागि योजनाहरू :-**

आदरणीय शेयर सदस्यहरू यो आर्थिक वर्ष २०७९/८० का लागि संस्थाले निम्न लिखित सेवाहरू सञ्चालन गर्ने योजना रहेको कुरा जानकारी गराउँदछौं :

- ✓ प्रविधिको विकास तथा बिस्तारमा जोड दिईनेछ Swadeshi MOBILE APP बनाई संस्थाको कारोबारलाई Digitalization गरिनेछ संस्थाको कारोबारलाई अझै बृहत बनाई थप सेवा सुविधा उपलब्ध गराईने छ । सूचना प्रणालीलाई आधुनिक बनाई संस्थाको सूचना आदानप्रदानलाई थप व्यवस्थित प्रभावकारी बनाई सहकारीको प्रवर्द्धनका लागि समयसापेक्ष पहल गरिने छ ।
- ✓ बचत तथा ऋणका कार्यक्रमहरूलाई अझ प्रभावकारी ढङ्गबाट अगाडि बढाउन समय सापेक्ष बचत तथा ऋणको व्याजदर समायोजन गरी लगानीलाई विशेष ध्यान दिइनेछ ।

- ✓ आगामी दिनहरूमा संस्थाले विविध सामाजिक कार्यहरू गरी समाजमा सकारात्मक सन्देश दिने विभिन्न कार्यक्रमहरू गर्नेछ ।
- ✓ न्यून दरका निक्षेप संकलन गर्ने कार्यमा जोड दिने सहकारीको पूँजी कोष वृद्धि गर्दै जाने र सहकारीको पूँजीको आधारमा बलियो र मजबुत सहकारी बनाईनेछ ।
- ✓ प्रचलित सहकारी ऐन र नियमावली अनुसार संस्थाको विनियमका विभिन्न धारा उपधाराहरू आवश्यकताका आधारमा संशोधन गरिनेछ । सहकारी कानूनको अधिनमा रही नयाँ कार्यक्रमहरू सुरू गर्न पहल गरिनेछ ।
- ✓ संस्थाले सम्भव भएसम्म यस आ.व. भित्र कोप कार्ड ATM CARD सञ्चालनमा ल्याइने छ ।
- ✓ साना आकार तथा उत्पादनमुलक ऋणलाई प्राथमिकता दिई उत्पादनमुलक र कृषि ऋणको अनुपात वृद्धि गर्दै लगिने छ ।
- ✓ दिगो विकासका लक्ष्य पुरा गर्न मद्दत पुग्ने योजनाहरु सञ्चालन गरिनेछ ।
- ✓ खर्चहरुमा मितव्ययिता अपनाईनेछ ।
- ✓ QR कोड मार्फत् वित्तिय कारोबार गर्न सकिने व्यवस्था मिलाइने छ ।
- ✓ बहुउद्देश्यीय अनुसार कार्य गर्नका लागि आवश्यक योजना तथा कार्यक्रम तय गरी बजेटको व्यवस्था गरिनेछ ।

वित्तीय बजारमा देखिएको तरलता सङ्कट तथा केही सहकारीहरु समस्याग्रस्त हुदाँ सहकारी क्षेत्र प्रति फैलिएको नकारात्मक समाचारका कारण नेपालको सहकारी क्षेत्र प्रभावित भइरहेको वर्तमान सन्दर्भमा बजेट कार्यान्वयनमा केही चुनौती देखिएता पनि हामीले हाम्रा योजना र रणनीतिहरुलाई वर्तमान परिस्थितको मूल्याङ्कन गर्दै प्रतिकुलतालाई अनुकुलतामा बदल्ने सुनौलो अवसरको रुपमा हेरि सोही अनुसार रणनीतिक योजना बनाई अगाडि बढ्ने छौं ।

**अन्त्यमा**

संस्था स्थापनामा लगायत आर्थिक तथा विविध कार्यहरूमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सबैप्रति हार्दिक आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछु । संस्थाका सदस्यहरूलाई कुशलतापूर्वक निष्पक्ष तरिकाले यथासक्य छिटो र छरितो सेवा प्रदान गर्ने प्रण गर्दै आगामी दिनमा संस्थाको कुशल र प्रभावकारी सञ्चालनमा यहाँहरूबाट रचनात्मक सहयोग, सुझाव र सल्लाह प्राप्त भई नै रहने छ भन्ने विश्वासका साथ बिदा हुन्छु ।

धन्यवाद, जय सहकारी ! जय स्वदेशी !

**हेमन्त नाहटा**

**कोषाध्यक्ष**

# स्वदेशी बहुउद्देश्यीय सहकारी संस्था लि.को प्रथम वार्षिक साधारणसभामा लेखा समिति संयोजक श्री कृष्ण प्रसाद पंगेनी ज्यूद्वारा प्रस्तुत प्रतिवेदन २०७८/७९

अध्यक्ष महोदय, प्रमुख अतिथि ज्यू, अतिथिगण संस्थाका सल्लाहकारज्यूहरू, संचालक समितिका पदाधिकारीज्यूहरू, लेखा समिति, कर्जा उपसमिति र अन्य उपसमितिका सदस्यहरू, शेयर सदस्य महानुभावहरू, पत्रकार मित्रहरू, कर्मचारी साथीहरू र अन्य उपस्थित दाजुभाई, दिदीबहिनीहरूमा लेखा समितिको तर्फबाट न्यानो अभिवादन व्यक्त गर्दछु।

यस संस्थाको प्रारम्भिक साधारण सभाबाट लेखा समितिमा निर्वाचित गरी लेखासमितिको जिम्मेवारी सुम्पिनु भएकोमा सम्पूर्ण सदस्य महानुभावहरुप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं। प्रारम्भिक साधारण सभादेखि संस्थाको आर्थिक गतिविधि तथा कारोवारलाई लेखा समितिको तर्फको बैठक बसी आवश्यक जाँचबुझ गरी सुझाव सल्लाह प्रदान गर्ने मौका प्राप्त भएको छ। हामीले लेखा समितिको बैठक बसी आवश्यकता अनुसार आवश्यक सुझाव सल्लाह प्रदान गरिरहेका छौं।

आदरणीय सदस्य ज्यूहरु,
हाम्रो संस्था दर्ता वि.सं. २०७८/११/११ गते भएको हुँदा हामी संस्थाको प्रारम्भिक साधारण सभाबाट लेखा समितिमा निर्वाचित भएर आउँदा आ.व २०७८/७९ को करिब दुई महिना बाँकी रहेको र संस्थाको आर्थिक कारोबारका हिसाबले आ.व २०७८/७९ मा करिब ३ महिना मात्र भएको हुँदा हामीले करिब तीन महिनाको वित्तीय विवरण सहित संस्थाको स्थापना कालदेखिको आर्थिक तथा प्रशासनिक गतिविधिको बारेमा जाँचबुझ गर्ने अवसर पाएका छौं। हामीले सहकारीको मूल्य र मान्यताका आधारमा र विनियममा व्यवस्था भएअनुसार, शेयर सदस्यहरूको सर्वाङ्गिण विकासका लागि सञ्चालक समितिबाट गरिएका विभिन्न निर्णय, योजना तर्जुमा गर्दा र कार्यान्वयन गर्ने क्रममा हुने खर्च सम्बन्धमा प्रचलित नियम विनियम अनुसार भए नभएको एकीन गरी कागजातहरुको अध्ययन तथा जाँचबुझ गरेका छौं। लेखा समितिको तर्फबाट तयार गरिएको प्रतिवेदन यो गरिमामय प्रथम वार्षिक साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

१. संस्था स्थापना कालदेखिका खर्चका भौचरहरुको जाँचबुझ गर्दा खर्चहरु नियमसँगत प्रचलित कानून बमोजिम रहेको पाएका छौं।
२. प्रारम्भिक साधारण सभाले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था सन्तोषकजनक रहेको देखिन्छ।
३. आ.व २०७८/७९ मा जम्मा ३ महिना मात्र रहेता पनि सञ्चालक समितिबाट तीन महिनाको लागि योजना, कार्यक्रम एवं बजेट बनाई संस्थाका वित्तीय तथा प्रशासनिक क्षेत्रलाई व्यवस्थित बनाई अगाडि बढाएको आभास गरेका छौं।
४.सञ्चालक समितिले गरेका हरेक निर्णयहरु Action Task Report मार्फत् अघिल्लो बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाबारे जानकारी लिने व्यवस्था रहेको छ जसले गर्दा सञ्चालक समितिबाट भएका निणर्यहरुको कार्यान्वयनको अवस्था राम्रो रहेको पाएका छौं।
५. संस्थाले नयाँ भएको हुनाले आन्तरिक कार्यविधिहरु केही बनेको र केही बन्ने प्रक्रियमा रहेकाहरु प्रथम वार्षिक साधारण सभामा प्रस्तुत गरी पारित गर्ने तयारी रहेको दखियो।
६. संस्थाले सञ्चालक समितिबाट निर्णय गरी वर्तमान परिस्थितिलाई मूल्याङ्कन गर्दै आवश्यक व्याजदर निर्धारण गरी सहकारी नीति नियमभित्र रेहेर बचत संकलन गरेको देखिन्छ।
७. संस्थाले अर्थतन्त्रको वर्तमान तरल अवस्थालाई मूल्याङ्कन गरी कर्जा प्रवाहमा कडाई गरेको देखिन्छ।
८. यस संस्थाको आ.व. २०७८/७९ मा अधिक तरलता रेहको देखिन्छ।

**सुझावहरू:**
आदरणीय शेयर सदस्यज्यूहरू,

१. हाम्रो संस्थाको उद्देश्य तथा प्रकृति बहुउद्देश्यीय रहेको हुनाले हामीले संस्थाको कारोबारलाई विविध क्षेत्रमा विविधिकरण गरी संस्थालाई बचत तथा ऋणमा मात्र सिमित नगरी उत्पादन तथा रोजगारीसँग जोड्न सक्ने विभिन्न कार्यक्रमहरुको सम्भाव्यता अध्ययन गरी कृषि तथा उत्पादनमूलक कार्यहरु गर्नका लागि सुझाव प्रदान गर्दछौं ।

२. वित्तीय बजारमा अधिक तरलता समस्या रेहता पनि हाम्रो संस्थामा तरलता बढी भएको कारण सुरक्षित कर्जा प्रवाहलाई बढावा दिई तरलता रकम कम गर्न सुझाव प्रदान गर्दछौं ।

३. सहकारीको मूल्य र मान्यता अनुसार सम्भव हुने विविध सामाजिक उत्तरदायित्व अर्न्तगका कार्यहरु गर्न सुझाव प्रदान गर्दछौं ।

४. संस्थाको कारोबार क्रमशः बढ्दै गएकोले संस्थाले संस्थाको आर्थिक गतिविधिलाई व्यवस्थित गर्नको लागि त्रैमासिक रुपमा आन्तरिक लेखा परीक्षणको व्यवस्था गर्नको लागि सुझाव प्रदान गर्दछौं ।

अन्त्यमा, संस्थाले स्थापनाको छोटो समयमा गरेको कारोबारलाई हेर्दा यस संस्थासँग जोडिनुभएका शेयर सदस्य, सञ्चालक समिति, अन्य समिति र उपसमिति तथा कर्मचारी वर्ग संस्था प्रति एकदमै सकारात्मक भावनाले ओतप्रोत भई संस्थाको प्रगतिमा अनवरत रुपमा लाग्नुभएको देखिन्छ । यसलाई अन्नतकालसम्म निरन्तरता दिई संस्थालाई सहकारी क्षेत्रको अग्रणीय संस्था बनाउन तपाईं हामी सधैं निरन्तर रुपमा लाग्ने छौं । संस्थाप्रति असीम माया राखेर यस गरिमामय प्रथम वार्षिक साधारण सभामा उपस्थित हुनु भएका सम्पूर्ण शेयर सदस्यज्यूहरूलाई म लेखा समितिको तर्फबाट धन्यवाद दिन चाहन्छु । त्यस्तै संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने सर्न्दभमा लेखा समितिलाई गर्नु भएको सहयोग प्रति संचालक समिति, समिति र उपसमितिहरू र संस्थाका कार्यकारी प्रमुख लगायत सम्पूर्ण कर्मचारीहरूलाई म लेखा समितिको तर्फबाट धन्यवाद दिन चाहन्छु । संस्थाको कारोवारको अन्तिम लेखा परीक्षण गरी संस्थाको यथार्थ आर्थिक झलक दिनु भएकोमा के.जे. एण्ड एशोसिएटस् चार्टड एकाउन्टेन्ट्सका साझेदार सि.ए. विशेष चौधरीज्यूलाई पनि धन्यवाद दिँदै लेखा समितिको यो प्रतिवेदन पारित गरियोस् भनी आदरणीय शेयर सदस्यज्यूहरू समक्ष प्रस्ताव गर्दछु ।

धन्यवाद !

जय सहकारी, जय स्वदेशी !

| | | |
|---|---|---|
| कृष्ण प्रसाद पंगेनी<br>लेखा समिति, संयोजक | बोध प्रसाद त्रिपाठी<br>सदस्य | सुजन श्रेष्ठ<br>सदस्य |

स्वदेशी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
नक्साल, काठमाडौं
आ.व.२०७८/७९

अनूसुचीः १९

## प्रमुख लेखा नीति तथा लेखासम्बन्धी टिप्पणीहरु

**१. परिचय**

**स्वदेशी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**, भूमि व्ययस्था, सहकारी तथा गरिबी नियन्त्रण मन्त्रालय बाग्मती प्रदेश, हेटौंडा, मकवानपुर, नेपाल दर्ता भई सदस्यहरुबाट बचत लिई सदस्यहरुलाई नै ऋण परिचालन गर्दै आएको संस्था हो । यसको रजिष्ट्र्ड कार्यालय नक्साल, काठमाडौंमा रहेको छ । संस्थाले आन्तरिक राजस्व विभागमा दर्ता गरी ६१७८६०४५१ स्थायी लेखा नम्वर प्राप्त गरेको छ । संस्थाको कार्यक्षेत्र काठमाडौं महानगरपालिका र टोखा नगरपालिका भरी रहेको छ ।

**२. वित्तिय विवरण प्रस्तूतिकरण र लेखाका आधारः**

**२. १ सम्बन्धित मानहरुको पालना**

सहकारीको वित्तीय विवरण, जस अन्तर्गत २०७९ साल असार मसान्तको वित्तीय स्थिति विवरण (वासलात), सो मितिमा समाप्त भएको आर्थिक वर्ष २०७८/०७९ को आय-व्यय विवरण (नाफा नोक्सान हिसाब), नगद प्रवाह विवरण, इक्विटीमा भएको परिवर्तन तथा वित्तीय विवरणहरुसँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु पर्दछन्. संस्थाको वित्तीय विवरण **नेपाल सरकार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयद्वारा जारी गरिएको लेखा नीति, लेखा सूचि र लेखा मापदण्ड, २०७६** र मापदण्ड स्पष्ट नभएको अवस्थामा **नेपाल लेखामान बोर्डद्वारा जारी भएको नेपाल लेखामान (NAS)** निर्देशन अनुसार तयार पारिएका छन् ।
संस्थाको आर्थिक वर्ष २०७८/०७९ को कारोवार समावेश गरिएको विवरण सञ्चालक समितिको मिति २०७९/०५/०५ गते बसेको बैठकले सदस्यहरुबाट स्वीकृत गर्नको लागि आगामी वार्षिक साधारण सभा समक्ष सिफारिस गरिएको हो ।

**२. २ मापनको आधार**

संस्थाले वित्तीय विवरणहरु ऐतिहासिक लागतको आधारमा सम्पत्ति, दायित्व र कोषहरुको मापन गरी तयार गरेको छ ।

**२. ३ रकमको मुद्रा**

संस्थाले वित्तीय विवरणमा रकमहरु नेपाली रुपैयांमा प्रस्तुत गरेको छ ।

**२. ४ महत्वपूर्ण लेखा निर्णय, अनुमान र मान्यताहरु**

वित्तीय विवरणहरुको तयारीका लागि केही महत्वपूर्ण लेखा अनुमान र निर्णयहरुको प्रयोग आवश्यक पर्न सक्दछ । लेखा नीतिहरु लागू गर्ने निर्णय गर्नको लागि व्यवस्थापनको निर्णय आवश्यक छ । व्यवस्थापनले भविष्यका घटनाहरुको सम्बन्धमा अनुमान र नीतिहरु निश्चित गर्दछ । अनुमान र निर्णयहरुको निरन्तर मूल्याङ्कन ऐतिहासिक अनुभव र अन्य कारकहरुमा आधारित हुन्छन्, भविष्यमा हुने घटनाहरुको अपेक्षाहरु सहित परिस्थितिमा उचित मानिन्छ । भविष्यमा यी अनुमान र नीतिहरु वास्तविक परिणाम भन्दा फरक हुन सक्छन् । संस्थाले महत्वपूर्ण लेखा निर्णय, अनुमान र मान्यताहरु भएमा सोको खुलासा गरेको छ ।

**२.५ अविच्छिन्न सञ्चालन**

संस्थाले वित्तीय विवरण, अविछिन्न सञ्चालन निकायको अवधारणालाई आधार मानी तयार गरेको छ ।

**२.६ तुलनात्मक जानकारी**

लेखा विवरणहरु विगत वर्षमा प्रस्तुत गरिएको ढाँचामा नै पेश गर्ने र सो को निम्ति गत वर्षको अंकहरुलाई प्रस्तुत वर्षको अंकसंग तुलना हुने गरी आवश्यकता अनुसार पुनर्गठन र वर्गीकरण गर्ने नीति लिएको छ ।

### ३. प्रमुख लेखा नीतिहरु

**३.१ स्थिर सम्पत्ति (जायजेथा, प्लान्ट र उपकरण)**

**क. पूजीकरण गर्ने नीति, लागत र मुल्याङ्कन**

१ वर्ष भन्दा बढी समयसम्म आर्थिक लाभ दिने अनुमान भएको र रु. ५,०००।- माथिको खरिद वा खर्चलाई मात्र पूँजीकरण गर्ने नीति रहेको छ । जायजेथा, प्लान्ट र उपकरणका सबै सम्पत्तिहरु ऐतिहासिक लागत अवधारणाको आधारमा लेखाङ्कन गर्ने र त्यसपछि लागतबाट संचित ह्रासकट्टी घटाएर देखाउने नीति रहेको छ ।

**ख. ह्रासकट्टी**

स्थिर सम्पत्तिमा समदर विधिको आधारमा ह्रासकट्टी गरिन्छ । ह्रासकट्टीको लागि शेष मूल्य ५ प्रतिशत र उपयोगी आयु निम्नानुसार रहने छ ।

| सम्पत्ति | उपयोगी आयु |
|---|---|
| फर्निचर र फिटिङ्गस् | १० वर्ष |
| कार्यालय उपकरण | ५ वर्ष |
| कम्प्युटर | ३ वर्ष |
| सवारी | १० वर्ष |
| लीजहोल्ड सम्पत्ति | ५ वर्ष |

- संस्थाले लीजहोल्ड सम्पत्तिको उपयोगी आयु करार सम्झौता अनुरुप लिएको छ ।

**३.२ अदृश्य सम्पत्ति**

अदृश्य सम्पत्तिलाई शुरुमा लागतमा नै लेखाङ्कन गर्ने र त्यसपछि लागतबाट संचित ह्रासखर्च घटाएर देखाउने नीति रहेको छ । अदृश्य सम्पत्तिमा ह्रासखर्चका लागि शेष मूल्य ५ प्रतिशत र उपयोगी आयु ५ वर्ष रहने छ ।

**३.३ लगानी**

सहकारी लेखा नीति लेखा सूची र लेखा मापदण्ड, २०७६ अनुसार लगानी अन्तर्गत शेयर लगानी र मुद्दती निक्षेपलाई समावेश गर्ने नीति रहेको छ ।

शेयर तथा डिबेन्चरमा गरिएको लगानीको मूल्याङ्कन गर्दा परल मूल्य वा बजार मूल्य मध्ये जुन कम छ त्यसमा र मुद्दती निक्षेपमा गरेको लगानीलाई वास्तविक मूल्यमा नै मूल्याङ्कन गर्ने नीति रहेको छ ।

**३.४ मौज्दात**

मौज्दात मापन गर्दा लागत मूल्य वा खुद असुली मूल्य मध्ये जुन कम छ, त्यसमा गर्नुपर्ने लेखानीति लिएको छ । मौज्दातको लागत चाहिं पहिलो प्राप्त भएको सामान (मौज्दात) पहिले नै निःसर्ग हुन्छ (First in First Out, FIFO) भन्ने आधारमा गरिने नीति रहेको छ ।

**३.५ नगद र नगद सरह**

संस्थाको नगद र नगद सरहमा नगद मौज्दात, विभिन्न बैंकहरुमा रहेको बैंक मौज्दात (हिसाव मिलानपछिको) लाई राख्ने नीति रहेको छ ।

**३.६ लिनुपर्ने हिसाब**

संस्थाको लिनुपर्ने हिसाबलाई लागतमा नै लेखाङ्कन गर्ने नीति रहेको छ ।

**३.७ कर्जा लगानी**

कर्जा लगानीलाई लागतमा देखाउने नीति रहेको छ ।

### ३.८ स्थगन कर सम्पत्ति

संस्थाको वित्तिय विवरणका लागि सम्पत्ति र दायित्वहरुको किताबी मूल्य र करको अनुसार प्रयोग हुने मूल्य बिचको अस्थायी फरकको सन्दर्भमा स्थगन कर खर्च वा आम्दानी मापन गर्ने नीति रहेको छ। संस्थाले स्थगन करको मूल्याङ्न सिर्जना भएको अस्थायी फरकलाई भविष्यमा लागु हुने करको दरले गुणन गरेर गरेको छ।

### ३.९ जगेडा कोषहरु

संस्थाले आयकर पछिको नाफाको २५% जगेडा कोषमा छुट्याई बाँकी रकमलाई १००% मानी **सहकारी ऐन, २०७४** बमोजिम संरक्षित पूँजी फिर्ता कोषमा २५% र सहकारी पवर्द्धन कोषमा ०.५% बाँडफाँड गर्नुपर्ने छ। बाँकी रकम शतप्रतिशत मानी **सहकारी नियमावली २०७५** साथै सञ्चालक समितिको निर्णयानुसार बाँडफाँड गर्नुपर्ने छ।

### ३.१० बचत तथा निक्षेप

संस्थाले सदस्यबाट सहकारी ऐन तथा संस्थाको विनियम अनुसार संकलन गर्ने गरेको छ।

### ३.११ आम्दानीको लेखाङ्कन

संस्थाले ऋण लगानीको ब्याज आम्दानी नगद प्राप्तिका आधारमा र अन्य आम्दानी प्रोदभावी आधार (Accrual basis) मा लेखाङ्कन गर्ने गरेको छ। विभिन्न कर्जामा ब्याज लिंदा ३६५ दिनलाई एक वर्षको आधार मानी गणना गरेको छ।

### ३.१२ खर्चको लेखाङ्कन

संस्थाले विभिन्न निक्षेपहरुमा दिनुपर्ने ब्याजको खर्च प्रोदभावी आधार (Accrual Basis) मा लेखाङ्कन गरिएको छ। ब्याज दिनुपर्ने विभिन्न निक्षेप खाताहरुमा ब्याज दिंदा ३६५ दिनलाई एक वर्षको आधार मानी गणना गरेको छ।

### ३.१३ कर

आयकर ऐन २०५८ ले निर्दिष्ट गरे बमोजिम आयकरको गणना गर्ने नीति रहेको छ।

### ३.१४ कर्जा नोक्सानी व्यवस्था :

कर्जामा **'सहकारी संस्थामा सुशासन प्रवर्धनको लागि जारी गरिएको एकीकृत निर्देशन, २०७९'** को **दफा २०** बमोजिम ऋण नोक्सानी कोषको व्यवस्था देहाय बमोजिम गर्नुपर्ने नीति रहेको छ।

| ऋणको वर्गिकरण | ऋण नोक्सानी कोषको व्यवस्था |
|---|---|
| असल कर्जा | १ प्रतिशत |
| शंकास्पद कर्जा | ३५ प्रतिशत |
| खराव कर्जा | १०० प्रतिशत |

### ४. लेखासम्बन्धी टिप्पणीहरु

१. सहकारी यसै वर्षदेखि सञ्चालनमा आएकोले गर्दा संस्थाले तुलनात्मक जानकारीमा अघिल्लो वर्षका रकमहरु शुन्य प्रस्तुत गरेको छ।

२. संस्थाले आ.व. २०७८/७९ असाढ मसान्तसम्ममा कुल रु ५,८०,८८,२५०।- को ऋण लगानी र रु ३०,७७,८६,१७७।४६ को निक्षेप संकलन गरेको छ।

३. सम्पूर्ण कर्जाहरु असल कर्जा अन्तर्गत पर्ने हुँदा संस्थाले १ प्रतिशत नोक्सानी व्यवस्था कायम गरेको छ।

४. सम्पत्तिको किताबी मूल्य र करको अनुसार प्रयोग हुने मूल्य बिचको फरक र प्रयोग नभएको करयोग्य घाटाको कारणले स्थगन कर सम्पत्तिको सिर्जना भएको छ। स्थगन करको लागि २०७९/८० को बजेटद्वारा परिमार्जन भएको करको दर (१५ प्रतिशत) लिएको छ, जसको गणना निम्नानुसार छ।

| विवरण | लेखामान अनुसार | करको अनुसार | फरक | स्थगन कर दायित्व/ (सम्पत्ति) |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| फर्निचर तथा फिक्सर्स | ३८५,७३३.४६ | ३३४,२३२.४५ | ५१,५०१.०१ | ७,७२५.१५ |
| कार्यालय सामान | १,०४८,९६४.०७ | ९५०,४५५.४६ | ९८,५०८.६१ | १४,७७६.२९ |
| कम्प्युटर तथा प्रिन्टर | ८८२,५१८.७२ | ७९८,८३३.२५ | ८३,६८५.४७ | १२,५५२.८२ |
| सवारी साधान | ५५१,४४२.७४ | ५२६,२१३.३३ | २५,२२९.४१ | ३,७८४.४१ |
| लीजहोल्ड सम्पत्ति | ५,२०४,६०२.४३ | ४,७५६,२१४.५५ | ४४८,३८७.८८ | ६७,२५८.१८ |
| एम् बि विन सफट्वेर | १६३,१३४.२७ | १५४,०००.०२ | ९,१३४.२५ | १,३७०.१४ |
| एस. एम. एस सफट्वेर | २७,८३२.०५ | २६,३६६.६७ | १,४६५.३८ | २१९.८१ |
| **जम्मा** | **८,२६४,२२७.७४** | **७,५४६,३१५.७३** | **७१७,९१२.०१** | **१०७,६८६.८०** |
| प्रयोग नभएको करयोग्य घाटा | | (१,७६७,३५०.००) | (१,७६७,३५०.००) | (२६५,१०२.५०) |
| **स्थगन कर दायित्व/ (सम्पत्ति)** | | | | (१५७,४१५.७०) |

५. यस आर्थिक वर्षमा घाटा वेहोर्नु परेकाले गर्दा संस्थाले **सहकारी ऐन २०७४, सहकारी नियामावली २०७५ तथा सहकारी मापदण्ड** अनुसार जगेडा तथा अन्य कोषको व्यवस्था गरेको छैन ।

६. यस आर्थिक वर्षमा नाफा नभएकोले गर्दा **बोनस ऐन, २०३०** ले भने बमोजिम संस्थाले कर्मचारी बोनस व्यवस्थाको लागि रकम छुट्याएको छैन ।

७. संस्थाले आ.व. २०७८/७९ मा संचालक समितिको बैठक भत्ताको लागि जम्मा रु. २,०७,०००/- खर्च गरेको छ ।

८. संस्थाले आफ्नो आर्थिक कारोबारको लेखा कम्प्युटराईज्ड सफट्वेरमा राख्ने गरेको छ ।

९. संस्थाले मौज्दातलाई लागत मूल्यमा लेखाङ्कन गरेको छ ।

१०. अनुसूची १ देखि १९ सम्मका अनुसूचीहरु यस आर्थिक विवरणका अभिन्न अङ्ग हुन् ।

| | | | |
|---|---|---|---|
| महेश कुमार अग्रवाल<br>अध्यक्ष | सुमन गौतम<br>उपाध्यक्ष | आशिष कुमार अग्रवाल<br>सचिव | हेमन्त नाहटा<br>कोषाध्यक्ष |
| सुरेश कुमार अग्रवाल<br>सदस्य | पुरुषोत्तम कुमार अग्रवाल<br>सदस्य | भोला नाथ कँडेल<br>सदस्य | गिरीराज भट्टराई<br>प्रवन्धक |

सि.ए.विशेष चौधरी
साझेदार
के.जे.एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स
मिति २०७९/०५/०५
स्थान : काठमाण्डौ

# स्वदेशी बहुउद्धेश्यीय सहकारी संस्था लि.

का.म.न.पा. - १, नक्साल, काठमाडौं

## वितिय स्थिति विवरण
## २०७९ साल आषाढ मसान्तको

| पुंजी तथा दायित्व | अनुसुची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. शेयर पूँजी | १ | ७५,०७०,८००.०० | - |
| २. जगेडा तथा कोषहरु | २ | (१,६०९,९३४.३०) | - |
| ३. तिर्न बाँकी ऋण तथा सापटी | | - | - |
| ४. बचत तथा निक्षेप | ३ | ३०७,७८६,१७७.४६ | - |
| ५. पुँजीगत अनुदान | | - | - |
| ६. दिर्घकालिन दायित्व | | - | - |
| ७. आयकर दायित्व | | - | - |
| ८. चालु दायित्व तथा व्यवस्था | ४ | ८२०,९२४.१५ | - |
| **कुल पूँजी तथा दायित्व** | | ३८२,०६७,९६७.३१ | - |

| सम्पत्ति | अनुसुची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| १. नगद मौज्दात | ५ | २७४,४२१.०० | - |
| २. बैक/वित्तिय संस्थामा रहेको मौज्दात | ६ | ९३,९९४,९८२.३० | - |
| ३. लगानी | ७ | २२०,०००,०००.०० | - |
| ४. कर्जा सापट तथा लगानी | ८ | ५८,०८८,२५०.०० | - |
| ५. स्थिर सम्पत्ति | ९ | ८,११०,०७८.०० | - |
| ६. अदृश्य सम्पत्ति | ९ | १९०,९६६.३२ | - |
| ७. अन्य दिर्घकालिन सम्पत्ति | | - | - |
| ८. चालु सम्पत्ति | १० | १,२५१,८५३.९९ | - |
| ९. स्थगन कर सम्पति | ११ | १५७,४१५.७० | - |
| **कुल सम्पत्ति** | | ३८२,०६७,९६७.३१ | - |

लेखासम्बन्धी टिप्पणीहरु १९

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

| | | | | |
|---|---|---|---|---|
| महेश कुमार अग्रवाल<br>अध्यक्ष | सुमन गौतम<br>उपाध्यक्ष | आशिष कुमार अग्रवाल<br>सचिव | हेमन्त नाहटा<br>कोषाध्यक्ष | सि.ए. विशेष चौधरी<br>साझेदार<br>**के.जे.एण्ड एसोसिएट्स<br>चार्टड एकाउन्टेन्ट्स** |

| | | | |
|---|---|---|---|
| सुरेश कुमार अग्रवाल<br>सदस्य | पुरुषोत्तम कुमार अग्रवाल<br>सदस्य | भोला नाथ कंडेल<br>सदस्य | गिरीराज भट्टराई<br>व्यवस्थापक |

मिति : २०७९।०५।०५
स्थान : काठमाडौ

# स्वदेशी बहुउद्धेश्यीय सहकारी संस्था लि.

### का.म.न.पा. - १, नक्साल, काठमाडौं

### नाफा / नोक्सान हिसाब विवरण

### मिति २०७८ फाल्गुण ११ गते देखि २०७९ असाढ मसान्त सम्मको

| विवरण | अनुसुची | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|---|
| **क. बित्तिय कारोबारबाट आम्दानी/(खर्च)** | | | |
| १. व्याज आम्दानी | १२ | १,४७७,६९१.७६ | |
| २. व्याज खर्च | १३ | ६,३९०,३९७.३० | |
| **बित्तीय कारोबार बाट खुद आम्दानी/(खर्च)** | | (४,९१२,७०५.५४) | |
| **ख. उत्पादन सम्बन्धित कारोबारबाट आम्दानी** | | | |
| ३. बिक्रीबाट आम्दानी | | - | |
| ४. व्यापारिक छूट दिएका | | - | |
| **बिक्रीबाट खुद आम्दानी** | | - | |
| ५. बिक्री गरिएका वस्तुको लागत | | - | |
| **उत्पादन कारोबारबाट खुद आम्दानी/(खर्च)** | | - | |
| **ग. उपभोक्ता सम्बन्धी कारोबारबाट आम्दानी** | | | |
| ६. बिक्री आम्दानी | | - | |
| ७. व्यापारिक छूट दिएका | | - | |
| **बिक्रीबाट खुद आम्दानी** | | - | |
| ८. बिक्री गरिएका वस्तुको लागत | | - | |
| **उपभोक्ता सम्बन्धी कारोबारबाट खुद आम्दानी/(खर्च)** | | - | |
| **घ. श्रमिक सेवा सम्बन्धी कारोबारबाट आम्दानी** | | | |
| ९. सेवा/वस्तु बिक्रीबाट आम्दानी | | - | |
| १० बिक्रीमा दिएको व्यापारिक छूट | | - | |
| **बिक्रीबाट खुद आम्दानी** | | - | |
| ११. बिक्री गरिएका सेवा/वस्तुको लागत | | - | |
| **श्रमिक सम्बन्धी कारेबारबाट खुद आम्दानी/(खर्च)** | | - | |
| **सम्पुर्ण उद्धेश्य बाट प्राप्त कुल बचत/(नोक्सान)(क+ख+ग+घ)** | | (४,९१२,७०५.५४) | |
| १२ अन्य आम्दानी | १४ | ८९२,८०७.०० | |
| १३ बैंक तथा बित्तिय संस्थाबाट प्राप्त व्याज | १५ | ६,२६८,२१८.९५ | |
| **कुल सञ्चालन आम्दानी** | | २,२४८,३२०.४१ | |
| १४. कर्मचारी खर्च | १६ | १,०५८,८१९.२८ | |
| १५. अन्य सञ्चालन खर्च | १७ | १,९३४,३१७.७४ | |
| १६. ह्रास कट्टी खर्च | १० | ४३५,७८३.३९ | |
| **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा** | | (१,१८०,६००.००) | |
| १७. सम्भावित नोक्सानी व्यवस्था | १८ | (५८६,७५०.००) | |
| **सञ्चालन मुनाफा/(नोक्सान)** | | (१,७६७,३५०.००) | |
| १८. गैर सञ्चालन आम्दानी | | - | |
| १९. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | - | |
| **नियमित कारोबारबाट भएको आम्दानी/(नोक्सान)** | | (१,७६७,३५०.००) | |
| २०. असामान्य कारोबारबाट भएको आम्दानी/(खर्च) | | - | |
| **सम्पूर्ण कारोबार समावेश पछिको खुद मुनाफा** | | (१,७६७,३५०.००) | |
| २१. कर्मचारी बोनस | | - | |
| **कर अघिको नाफा/(नोक्सान)** | | (१,७६७,३५०.००) | |
| २२. आयकर खर्च | | (१५७,४१५.७०) | |
| यस बर्षको कर व्यवस्था | | - | |
| बिगत वर्षसम्मको कर व्यवस्था | | - | |
| यस वर्षको स्थगन कर आम्दानी/(खर्च) | १२ | (१५७,४१५.७०) | |
| **खुद नाफा/(नोक्सान)** | | (१,६०९,९३४.३०) | |

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

महेश कुमार अग्रवाल
अध्यक्ष

सुमन गौतम
उपाध्यक्ष

आशिष कुमार अग्रवाल
सचिव

हेमन्त नाहटा
कोषाध्यक्ष

सि.ए. विशेष चौधरी
साझेदार
के.जे. एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट्स

सुरेश कुमार अग्रवाल
सदस्य

पुरुषोत्तम कुमार अग्रवाल
सदस्य

भोला नाथ कंडेल
सदस्य

गिरीराज भट्टराई
व्यवस्थापक

मिति : २०७९।०५।०५
स्थान : काठमाडौं

# स्वदेशी बहुउद्धेश्यीय सहकारी संस्था लि.

का.म.न.पा. - १, नक्साल, काठमाडौं

## नाफा/नोक्सान बांडफांडको विवरण

| विवरण | प्रतिशत | यस बर्ष रु. | गत बर्ष रु. |
|---|---|---|---|
| गत आ.ब सम्मको संचित मुनाफा | | - | - |
| यस आ.ब.को नाफा नोक्सान | | (१,६०९,९३४.३०) | |
| यस आ.ब.मा कोषबाट फिर्ता गरिएको | | | |
| कर्मचारी बोनस कोष | | - | - |
| सहकारी शिक्षा कोष | | - | - |
| **जम्मा** | | (१,६०९,९३४.३०) | - |
| **कोषमा बाँडफाँड** | | | |
| साधारण जगेडा कोष | २५% | - | - |
| **बाँडफाँड गर्न बाँकी** | | (१,६०९,९३४.३०) | - |
| संरक्षित पूँजि फिर्ता कोष | २५% | - | - |
| सहकारी प्रर्वद्धन कोष | ०.५% | - | - |
| **बाँडफाँड गर्न बाँकी** | | (१,६०९,९३४.३०) | - |
| शेयर लाभाशं कोष | ७५% | - | - |
| कर्मचारी वोनश कोष | ०% | - | - |
| सहकारी शिक्षा कोष | ५% | - | - |
| सहकारी विकास कोष | ५% | - | - |
| घाटा पुर्ति कोष | ५% | - | - |
| सामुदायिक विकास कोष | ५% | - | - |
| अन्य जोखिम व्यवस्थापन काष | ५% | - | - |
| **खुद संचित मुनाफा** | | (१,६०९,९३४.३०) | - |

महेश कुमार अग्रवाल
अध्यक्ष

सुमन गोतम
उपाध्यक्ष

आशिष कुमार अग्रवाल
सचिव

हेमन्त नाहटा
कोषाध्यक्ष

सि.ए. विशेष चौधरी
साझेदार
के.जे.एण्ड एसोसिएटस
चार्टड एकाउन्टेन्टस

सुरेश कुमार अग्रवाल
सदस्य

पुरुषोत्तम कुमार अग्रवाल
सदस्य

भोला नाथ कंडेल
सदस्य

गिरीराज भट्टराइ
व्यवस्थापक

मिति : २०७९।०५।०५
स्थान : काठमाडौं

# स्वदेशी बहुउद्धेश्यीय सहकारी संस्था लि.

का.म.न.पा. - १, नक्साल, काठमाडौं

## नगद प्रवाह विवरण

मिति २०७८ फाल्गुण ११ गते देखि २०७९ अषाढ मसान्त सम्मको

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| **क) कारोबार संचालनबाट नगद प्रवाह** | | |
| कर अघिको खुद मुनाफा | (१,७६७,३५०.००) | - |
| **मिलान** | | |
| १. स्थीर सम्पतिमा ह्रास कट्टि | ४३५,७८३.३९ | - |
| २. असामान्य कारोवारहरु वाट भएको मुनाफा/खर्च | - | - |
| ३. कर्जा जोखिम व्यवस्था | ५८६,७५०.०० | - |
| ४. कर | - | - |
| **चालु पुजी मिलान अगाडिको सँचालन आम्दानी** | (७४४,८१६.६१) | - |
| **मिलान** | | |
| १. कर्जा सापट तथा विल खरिदमा आएको फरक | (५८,६७५,०००.००) | - |
| २. अन्य सम्पतिमा आएको कमी/बृद्धि | (१,२५१,८५३.९९) | - |
| ३. निक्षेपमा आएको कमी/बृद्धि | ३०७,७८६,१७७.४६ | - |
| ४. अन्य दायित्वमा आएको कमी/बृद्धि | ८२०,९२४.१५ | - |
| **कारोबार संचालनबाट आएको नगद प्रवाह (१)** | २४७,९३५,४३१.०१ | - |
| **ख) लगानी कारोवारमा नगद प्रवाह** | | |
| १. दीर्घकालीन लगानीमा कमी/बृद्धि | (२२०,०००,०००.००) | - |
| २. स्थीर सम्पतिमा कमी/बृद्धि | (८,७३६,८२७.६४) | - |
| ३. दीर्घकालीन लगानीमा ब्याज आम्दानी | - | - |
| ४. लाभांश आम्दानी | - | - |
| **लगानी कारोवारमा नगद प्रवाह (२)** | (२२८,७३६,८२७.६४) | - |
| **ग) वित्तिय श्रोत कारोवारबाट नगद प्रवाह** | | |
| १. दीर्घकालीन ऋण (वण्ड, डिवेन्चर आदी) मा बृद्धि/(कमी) | - | - |
| २. शेयर पूँजीमा बृद्धि/(कमी) | ७५,०७०,८००.०० | - |
| ३. अन्य कोषमा बृद्धि/(कमी) | - | - |
| ४. नेपाल राष्ट्र बैकबाट प्राप्त सहुलियत पुनरकर्जामा बृद्धि/(कमी) | - | - |
| **वित्तिय श्रोत कारोवारबाट नगद प्रवाह (३)** | ७५,०७०,८००.०० | - |
| **यस बर्षको सम्पुर्ण गतिविधिबाट नगद प्रवाह (१+२+३)** | ९४,२६९,४०३.३० | - |
| **नगद तथा बैकमा रहेको शुरु मौज्दात** | - | |
| **नगद तथा बैकमा रहेको अन्तिम मौज्दात** | ९४,२६९,४०३.३० | - |

महेश कुमार अग्रवाल
अध्यक्ष

सुमन गौतम
उपाध्यक्ष

आशिष कुमार अग्रवाल
सचिव

हेमन्त नाहटा
कोषाध्यक्ष

सि.ए. विशेष चौधरी
साझेदार
के.जे. एण्ड एसोसिएट्स
चार्टड एकाउन्टेन्टस

सुरेश कुमार अग्रवाल
सदस्य

पुरुषोत्तम कुमार अग्रवाल
सदस्य

भोला नाथ कंडेल
सदस्य

गिरीराज भट्टराई
व्यवस्थापक

मिति : २०७९।०५।०५
स्थान : काठमाडौं

# का.म.न.पा. - १, नक्साल, काठमाडौं

ईक्युटीमा भएको परिवर्तनको विवरण

मिति २०७८ फाल्गुण ११ गते देखि २०७९ असाढ मसान्त सम्मको

| विवरण | पुँजीकोष | जगेडा कोष | संरक्षित पुँजी फिर्ता कोष | सहकारी प्रवर्द्धन कोष | शेयर लाभांश कोष | कर्मचारी बोनस कोष | घाटापूर्ति कोष | सहकारी शिक्षा कोष | संस्था विकास कोष | सामुदायिक विकास कोष | स्थिरीकरण कोष | अन्य कोषहरु | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| शुरु मौज्दात | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| लेखा नीतिमा भएको परिवर्तनको असर | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| परिवर्तित मौज्दात | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| चुक्तापुँजि थप/(फिर्ता) | ७५,०७०,८००.०० | - | - | - | - | - | - | - | - | - | - | - | ७५,०७०,८००.०० |
| सम्पत्तिमा भएका पुनमूल्यांकन | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| कोषबाट भएको भुक्तानी तथा खर्च() | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| विभिन्न कोषको समायोजन | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| यस आ.ब.को खुद नाफा बाँडफाँड | - | (१,६०९,९३४.३०) | - | - | - | - | - | - | - | - | - | - | (१,६०९,९३४.३०) |
| **अन्तिम मौन्दात** | ७५,०७०,८००.०० | (१,६०९,९३४.३०) | - | - | - | - | - | - | - | - | - | - | ७३,४६०,८६५.७० |

यसै मितिको हाम्रो संलग्न प्रतिवेदनको आधारमा

महेश कुमार अग्रवाल
अध्यक्ष

सुमन गौतम
उपाध्यक्ष

आशिष कुमार अग्रवाल
सचिव

हेमन्त नाहटा
कोषाध्यक्ष

संजय कुमार अग्रवाल
सदस्य

पुरुषोत्तम कुमार अग्रवाल
सदस्य

भोला नाथ कढेल
सदस्य

गिरिराज भट्टराई
व्यवस्थापक

सि.ए. विशेष चौधरी
साझेदार
के.जे. एण्ड एसोसिएटस
चार्टड एकाउन्टेन्ट्स

मिति : २०७९।०५।०५
स्थान : काठमाडौं

# स्वदेशी बहुउद्धेश्यीय सहकारी संस्था लि.

का.म.न.पा. - १, नक्साल, काठमाडौं

२०७९ साल आषाढ मसान्तको वासलातका अनुसुचीहरु

अनुसुची १: शेयर पुंजी

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| शेयर पुँजी | ७५,०७०,८००.०० | - |
| **जम्मा रु.** | **७५,०७०,८००.००** | **-** |

अनुसुची २: जगेडा तथा कोषहरु

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| संचित मुनाफा | (१,१११,१९६.८०) | - |
| जगेडा कोष | - | - |
| संरक्षित पूँजी फिर्ता कोष | - | - |
| सहकारी प्रवर्द्धन कोष | - | - |
| **जम्मा रु.** | **(१,१११,१९६.८०)** | **-** |

अनुसुची ३: निक्षेप

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| **आवधिक बचत** | **११४,८२५,०००.००** | - |
| आवधिक बचत – ३ महिना | ११,१०५,०००.०० | - |
| आवधिक बचत – ६ महिना | २००,०००.०० | - |
| आवधिक बचत – १२ महिना | २९,५००,०००.०० | - |
| आवधिक बचत – १३ महिना | ६८,५२०,०००.०० | - |
| आवधिक बचत – ६ वर्ष | ३,९००,०००.०० | - |
| आवधिक बचत – १८ महिना | १,१००,०००.०० | - |
| आवधिक बचत – १५ महिना | ५००,०००.०० | - |
| **अन्य बचत** | **१९२,९६१,१७७.४६** | - |
| साधारण बचत | १४,७६९,१८४.३४ | - |
| विशेष बचत | १,८८०,०६६.६२ | - |
| धनवर्षा बचत | १३१,४५३,८४२.८४ | - |
| सुनौलो बचत | ४३,०००,०६१.१२ | - |
| बाल बचत | १,२९४,६८८.३७ | - |
| तलब बचत | ५६३,३३४.१७ | - |
| **जम्मा रु.** | **३०७,७८६,१७७.४६** | **-** |

अनुसुची ४: चालु दायित्व तथा व्यवस्था

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| भुक्तान योग्य ब्याज | ६४,६६९.३० | - |
| अन्य भुक्तान योग्य रकम | ३८,७६६.५१ | - |
| लेखा परीक्षण शुल्क | ५५,७५०.०० | - |
| बचतको ब्याजमा कर कट्टी | ६३७,२३४.४३ | - |
| लेखा परीक्षण शुल्कमा कर कट्टी | ७५०.०० | - |
| सामाजिक सुरक्षा कर | ३,१७०.०० | - |
| सञ्चालक समितिको बैठक भत्तामा कर कट्टी | ४,९५०.०० | - |
| अन्य बैठक भत्तामा कर कट्टी | ७,५००.०० | - |
| अन्य भत्तामा कर कट्टी | १,५००.०० | - |
| अन्य कर कट्टी | ६,६३३.९१ | - |
| **जम्मा रु.** | **८२०,९२४.१५** | **-** |

# स्वदेशी बहुउद्धेश्यीय सहकारी संस्था लि.

का.म.न.पा. - १, नक्साल, काठमाडौं

२०७९ साल आषाढ मसान्तको वासलातका अनुसुचीहरु

**अनुसुची ५: नगद मौज्दात**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| नगद | २६४,७८७.०० | - |
| सानो नगदी कोष | ९,६३४.०० | - |
| जम्मा | २७४,४२१.०० | - |

**अनुसुची ६: बैंक मौज्दात**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| **चालु खाता** | | |
| एन.आइ. सी. एसिया बैंक | २,८१७,८५७.०४ | - |
| प्राइम कमर्सियल बैंक | १५१,३२२.९६ | - |
| प्रभु बैंक | १३,०४९.४८ | - |
| ग्लोबल आइएमई बैंक लि. | १,२४९,६०४.३८ | - |
| मेघा बैंक | ११,१०३.१८ | - |
| मुक्तिनाथ विकास बैंक | १०५,८८४.४० | - |
| कामना सेवा विकास बैंक | ३३१,५७६.७० | - |
| ज्योति विकास बैंक | ६,१३१,९०६.८५ | - |
| आइ। सी। एफ। सी फाइनान्स | ८९,१२०.८३ | - |
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | ४८,६५८,४१०.८८ | - |
| आइ. एम. ई सहकारी सेवा लि. | ३४,४३५,१४५.६० | - |
| जम्मा | ९३,९९४,९८२.३० | - |

**अनुसुची ७: लगानी**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| **शेयरमा लगानी** | | |
| राष्ट्रिय सहकारी बैंक लिमिटेड | १०,०००,०००.०० | - |
| मूद्धती निक्षेप | २१०,०००,०००.०० | - |
| जम्मा | २२०,०००,०००.०० | - |

**अनुसुची ८: कर्जा सापट तथा लगानी**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| व्यवसाय ऋण | २५,०००,०००.०० | - |
| कृषि ऋण | ७,५००,०००.०० | - |
| सामुहिक ऋण | १,५००,०००.०० | - |
| घर कर्जा | ४,८३५,०००.०० | - |
| मूद्धती निक्षेपमा कर्जा | ४,६८०,०००.०० | - |
| व्यक्तिगत कर्जा | ७,६६०,०००.०० | - |
| स्वरोजगार ऋण | ७,५००,०००.०० | - |
| **कुल कर्जा** | **५८,६७५,०००.००** | - |
| न्यून: सम्भावित नोक्सानी व्यवस्था | (५८६,७५०.००) | - |
| जम्मा | ५८,०८८,२५०.०० | - |

**अनुसुची १० - चालु सम्पत्ति**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| अग्रिम भुक्तानी | ३९,४८६.६६ | - |
| अग्रिम कर कट्टी | ९४०,२३२.७९ | - |
| मसलन्द मौज्दात | २३४,८९१.०३ | - |
| एस एम् एस् स्टक | १०,१७०.०० | - |
| भान्सा सामाग्री | १०,९४३.६० | - |
| अन्य प्राप्य | १६,१२९.९१ | - |
| जम्मा | १,२५१,८५३.९९ | - |

# स्वदेशी बहुउद्धेश्यीय सहकारी संस्था लि.

का.म.न.पा. - १, नक्साल, काठमाडौं

२०७९ साल आषाढ मसान्तको

अनुसुची ९ : स्थिर सम्पत्ति

| विवरण | सवारी साधन | फर्निचर तथा फिक्स्चर्स | अफिस सामाग्री | कम्प्युटर | लीजहोल्ड सम्पत्ति | प्रगतिमा रहेको स्थिर सम्पति | जम्मा |
|---|---|---|---|---|---|---|---|
| उपयोगी आयु | १०.०० | १०.०० | ५.०० | ३.०० | ५.०० | | |
| मोल | | | | | | | |
| सुरुको रकम | - | - | - | - | - | - | - |
| यस वर्षको खरिद | ५६३,८०० | ३९४,५७३ | १,१०१,८४८.८५ | ९५८,६०० | ५,४८७,९४० | ३६,८१७ | ८,५४३,५७८ |
| बिक्रि वा समायोजन | - | - | - | - | - | - | - |
| जम्मा रु | ५६३,८००.०० | ३९४,५७२.५० | १,१०१,८४८.८५ | ९५८,६०० | ५,४८७,९४० | ३६,८१७ | ८,५४३,५७८ |
| ह्रास कट्टी | | | | | | | |
| गत वर्ष सम्मको | - | - | - | - | - | | - |
| यस वर्षको | १२,३५७ | ८,८३९ | ५२,८८४.७८ | ७६,०८१ | २८३,३३७ | - | ४३३,५०० |
| जम्मा रु | १२,३५७ | ८,८३९ | ५२,८८५ | ७६,०८१ | २८३,३३७ | - | ४३३,५०० |
| बाँकी मूल्य यस वर्षको | ५५१,४४३ | ३८५,७३३ | १,०४८,९६४.०७ | ८८२,५१९ | ५,२०४,६०२ | ३६,८१७ | ८,११०,०७८ |
| बाँकी मूल्य गत वर्ष सम्मको | - | - | - | - | - | | - |

अदृश्य सम्पति र ह्रास खर्च

विवरण

| | एम् बि बिन सफ्टवेर | एस एम् एस सफ्टवेर | जम्मा |
|---|---|---|---|
| उपयोगी आयु | ५ | ५ | |
| मोल | | | |
| सुरुको रकम | - | - | - |
| यस वर्षको खरिद | १६५,०००.०२ | २८,२५०.०० | १९३,२५०.०२ |
| बिक्रि वा समायोजन | - | | - |
| जम्मा रु | १६५,०००.०२ | २८,२५०.०० | १९३,२५०.०२ |
| ह्रास खर्च | | | |
| गत वर्ष सम्मको | - | - | - |
| यस वर्षको | १,८६५.७५ | ४१७.९४५२०५५ | २,२८३.७० |
| जम्मा रु | १,८६५.७५ | ४१७.९५ | २,२८३.७० |
| बाँकी मूल्य यस वर्षको | १६३,१३४.२७ | २७,८३२.०५ | १९०,९६६.३२ |
| बाँकी मूल्य गत वर्ष सम्मको | - | - | - |

Chartered Accountants

Nepal

**अनुसुची ११: स्थगन कर** १५%

| | किताबी मूल्य | करको लागि मूल्य | फरक | स्थगन कर दायित्व/ सम्पत्ति |
|---|---|---|---|---|
| **सम्पत्ति** | | | | |
| फर्निचर तथा फिक्सर्स | ३८५,७३३.४६ | ३३४,२३२.४५ | ५१,५०१.०१ | ७,७२५.१५ |
| कार्यलय सामान | १,०४८,९६४.०७ | ९५०,४५५.४६ | ९८,५०८.६१ | १४,७७६.२९ |
| कम्प्युटर तथा प्रिन्टर | ८८२,५१८.७२ | ७९८,८३३.२५ | ८३,६८५.४७ | १२,५५२.८२ |
| सवारी साधान | ५५१,४४२.७४ | ५२६,२१३.३३ | २५,२२९.४१ | ३,७८४.४१ |
| लीजहोल्ड सम्पत्ति | ५,२०४,६०२.४३ | ४,७५६,२१४.५५ | ४४८,३८७.८८ | ६७,२५८.१८ |
| एम् बि विन सफ्टवेर | १६३,१३४.२७ | १५४,०००.०२ | ९,१३४.२५ | १,३७०.१४ |
| एस एम् एस् सफ्टवेर | २७,८३२.०५ | २६,३६६.६७ | १,४६५.३८ | २१९.८१ |
| **जम्मा** | **८,२६४,२२७.७४** | **७,५४६,३१५.७३** | **७१७,९१२.०१** | **१०७,६८६.८०** |
| | | | | |
| प्रयोग नभएको करयोग्य घाटा | | (१,१८०,६००.००) | (१,१८०,६००.००) | (१७७,०९०.००) |
| | | | | |
| | | | | (६९,४०३.२०) |

# स्वदेशी बहुउद्धेश्यीय सहकारी संस्था लि.

**का.म.न.पा. - १, नक्साल, काठमाडौं**

**मिति २०७८ फाल्गुन ११ गते देखि २०७९ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाबको अनुसुचीहरु**

**अनुसुची १२: ब्याज आम्दानी**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| कर्जाबाट भएको ब्याज आम्दानी | १,४७७,६९१.७६ | - |
| **जम्मा** | **१,४७७,६९१.७६** | **-** |

**अनुसुची १३: ब्याज खर्च**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| आवधिक मौज्दातमा लाग्ने ब्याज खर्च | २,०१६,६२३.११ | - |
| अन्य मौज्दातमा लाग्ने ब्याज खर्च | ४,३७३,७७४.१९ | - |
| **जम्मा** | **६,३९०,३९७.३०** | |

**अनुसुची १४: अन्य संचालन आम्दानी**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| अन्य आय | ८९२,८०७.०० | - |
| **जम्मा** | **८९२,८०७.००** | **-** |

**अनुसुची १५: बैक मौज्दातबाट भएको ब्याज आम्दानी**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| बैक मौज्दातबाट भएको ब्याज आम्दानी | ६,२६८,२१८.९५ | - |
| | **६,२६८,२१८.९५** | **-** |

**अनुसुची १६: कर्मचारी खर्च**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| तलब खर्च | ९९६,४२४.०० | - |
| ट्रेनिङ्ग खर्च | १५,०००.०० | - |
| टिफिन खर्च | २१,६०५.०० | - |
| सञ्चार खर्च | ५,३००.०० | - |
| कर्मचारी वोनस | - | - |
| कर्मचारी बीमा | २०,४९०.२८ | - |
| **जम्मा** | **१,०५८,८१९.२८** | **-** |

# स्वदेशी बहुउद्धेश्यीय सहकारी संस्था लि.

**का.म.न.पा. - १, नक्साल, काठमाडौं**

मिति २०७८ फाल्गुन ११ गते देखि २०७९ आषाढ मसान्त सम्मको नाफा नोक्सान हिसाबको अनुसुचीहरु

**अनुसुची १७: अन्य संचालन खर्च**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| लेखापरिक्षण शुल्क | ५६,५००.०० | - |
| बैठक सम्बन्धी खर्च | २७३,०००.०० | - |
| पोष्टेज, टेलेक्स, टेलीफोन, फ्याक्स, ईमेल | २९,५९५.०० | - |
| कार्यालय खर्च | १८,४०५.०० | - |
| मसलन्द तथा छपाई | ७५,२१०.०० | - |
| मर्मत र सम्भार | ९८,३०५.०० | - |
| घरभाडा | ५१३,०००.०० | - |
| बत्ती बिजुली र पानी | १८,१६५.९२ | - |
| विज्ञापन खर्च | ८०,३६७.६० | - |
| पत्र पत्रिका खर्च | ४५५.०० | - |
| सेवा शुल्क तथा दर्ता खर्च | ५,३००.०० | - |
| पूजा खर्च | ५३,७०७.०० | - |
| बीमा खर्च | ६८,४५४.३२ | - |
| विविध खर्च | ४६,२५०.५७ | - |
| व्यापार प्रवर्धन खर्च | ५९,८९०.०० | - |
| सुरक्षा सुविधा सम्बन्धी खर्च | ६५,४२७.०० | - |
| साधारण सभा खर्च | २०५,००६.०० | - |
| वेब पेज सम्बन्धी खर्च | १६,९५०.०० | - |
| इनधन खर्च | १७,५५५.०० | - |
| बैंक खर्च | ३,६३५.०० | - |
| भान्सा खर्च | १५६,५११.८३ | - |
| सफाइ खर्च | २८,०३२.५० | - |
| अतिथि खर्च | ५,१६५.०० | - |
| इमेल खर्च | ११,१०८.०० | - |
| यातायात खर्च | ५,२०५.०० | - |
| वाहय खर्च | ५,६५०.०० | - |
| एस। एम। एस खर्च | ६,६६७.०० | - |
| फुटकर सम्पति खरिद | १०,८००.०० | - |
| **जम्मा** | **१,९३४,३१७.७४** | - |

**अनुसुची १८: कर्जा नाक्सानी व्यवस्था**

| विवरण | यस वर्ष रु. | गत वर्ष रु. |
|---|---|---|
| असल ऋण (१ प्रतिशत) | ५८६,७५०.०० | - |
| शंकास्पद ऋण (३५ प्रतिशत) | - | - |
| खराब ऋण (१०० प्रतिशत) | - | - |
| **कुल व्यवस्था** | **५८६,७५०.००** | - |
| **न्युन : अघिल्लो बर्ष सम्मको व्यवस्था** | - | - |
| **जम्मा** | **१,१७३,५००.००** | - |